# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, असोज ०१ गते, २०८१ साल (अतिरिक्ताङ्क २०

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको ऐन नं. ५

<u>प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) ऐन, २०८१</u>

कोशी प्रदेश
आन्तरिक मामिला तथा का...

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम **"प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान (पहिलो संशोधन) ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **<u>प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा ४ मा संशोधनः</u>** प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ (यस पछि मूल ऐन भनिएको) को दफा ४ को उपदफा (२) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धी कार्य गर्दा बैंक, वित्त कम्पनी, लघुवित्त तथा सहकारी संस्थाबाट लिएको ऋणको व्याज वापतको रकम अनुदान,

तर एकै अनुदानग्राहीलाई खण्ड (क), (ख) र (ग) मा उल्लेख भए बमोजिमको अनुदान वा खण्ड (ङ) बमोजिमको व्याज वापतको रकम अनुदानमध्ये एक अनुदान मात्र उपलब्ध गराइनेछ।"

३. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थप गरिएको छः-

"(घ) यस ऐनको दफा ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ङ) बमोजिम उपलब्ध गराइने व्याज वापतको अनुदान रकम वितरण प्रकृया र अनुदान सम्बन्धी मापदण्ड कार्यविधिमा तोकिए बमोजिम हुनेछ।"

**प्रमाणीकरण मितिः- २०८१/०६/०१**

**आज्ञाले,**

**कमल बहादुर थापा**

**नि. प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।

**website:- moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश